# “लूनी” खण्डकाव्यमा पात्रविधान


**डा. सर्पराज रोकाय**

उपप्राध्यापक, मध्यपश्चिम विश्वविद्यालय, भेरी बहुमुखी क्याम्पस गुमी, सुर्खेत

Email: rokayas1234@gmail.com

**चक्रवती शाह**

शिक्षण सहायक, मध्यपश्चिम विश्वविद्यालय, भेरी बहुमुखी क्याम्पस गुमी, सुर्खेत

Email: shahchakra110@gmail.com

**उषा शाह**

उपप्राध्यापक, कोटेश्वर बहुमुखी क्याम्पस, काठमाडौं

Email: usha.shah@koteshworcampus.edu.np



## लेखसार

*प्रस्तुत अनुसन्धानात्मक लेखमा ‘लूनी’ खण्डकाव्यमा पात्रविधानमा केन्द्रित रहेको छ । लक्ष्मीप्रसाद देवकोटा नेपाली साहित्यका महाकवि हुन् । यस लेखमा प्रथम सामग्री स्रोतका रूपमा ‘लूनी’ खण्डकाव्यलाई लिइएको छ भने द्वितीय सामग्री स्रोतका रूपमा सन्दर्भ पुस्तक, पुस्तक, लेखरचना, शोधपत्रहरू सामग्री उपयोग गरिएको छ । यस अनुसन्धानका लागि आवश्यक सामग्रीहरू पुस्तकालयीय कार्यका आधारमा सङ्कलन गरिएको छ । यस लेखमा पात्रविधानको व्याख्या विश्लेषण गरिएको छ। देवकोटाद्वारा सिर्जना गरिएको प्रस्तुत खण्डकाव्यमा केकस्ता पक्षबाट पात्रविधानको सिर्जना भएको छ । पात्रविधानले मूल कथ्य र बनावटलाई कसरी व्यक्त गरेको छ भन्ने उद्देश्य राखी यस लेखमा अध्ययन गरिएको छ। यस खण्डकाव्यमा सामन्ती प्रवृत्तिको उजागर गरिएको छ। सामन्ती प्रवृत्तिकै कारणले चोखो प्रेमलाई अवरोध पुऱ्याएको छ। उच्च वर्गको घमण्डका कारणले गर्दा आना बाबालिकाको भावनाको कदर गर्न नसकेको देखिन्छ। पात्रविधान सिर्जनाका मुख्य कारकका रूपमा रहेका सैद्धान्तिक ढाँचा प्रस्तुत गरी पात्रविधानका मान्यताका आधारमा विश्लेषण गरी पात्रविधानका दृष्टिले उक्त खण्डकाव्य प्रभावकारी छ भन्ने निष्कर्ष प्रस्तुत गरिएको छ। यस खण्डकाव्यको विश्लेषणका लागि मुख्य रूपमा पात्रविश्लेषण विधिको प्रयोग गरी गुणात्मक निष्कर्ष प्रस्तुत गरिएकोले यस अनुसन्धानात्मक लेखको समग्र पद्धति गुणात्मक रहेको छ। यस लेखमा ‘लूनी’ खण्डकाव्यको पात्रविधानको चिरफार गरी गुणात्मक रूपले विश्लेषण गरेर निष्कर्षमा पुगिएको छ।*



*शब्दकुञ्जी : पात्र, पात्रता, सिर्जना, गुणात्मक ।*


## विषयपरिचय

साहित्यिक कृतिमा पात्रको सिर्जना र प्रस्तुतिकरण कथा, उपन्यास, नाटक, खण्डकाव्य वा महाकाव्यहरू जस्ता विधाको आत्मा पात्र हो । ‘लूनी’ खण्डकाव्य नेपाली साहित्य क्षेत्रको महत्त्वपूर्ण काव्य हो । यसमा नारी जीवनको पीडा, सामाजिक अन्याय, मानवता र करुणा भावको मार्मिक चित्रण छ। लूनीमार्फत तत्कालीन समाजको यथार्थ र मानवीय दृष्किोण स्पष्ट छ। यो काव्य सामाजिक यथार्थमा आधारित भावप्रधान कृति हो । यसमा नारीमाथिको

शोषण, गरिबी, अज्ञानता समाजको कठोर संरचनाको उजागर गरिएको छ। प्रस्तुत खण्डकाव्य लक्ष्मीप्रसाद देवकोटा (१९६६–२०१६) ले लोकलय ढाँचामा लेखेको प्रसिद्ध खण्डकाव्य हो । वि.स.१९९५ मा उनले काठमाडौंदेखि उत्तर रसुवा जिल्लाको उच्चपहाडी भेगमा पर्ने प्राकृतिक तीर्थस्थल गोसाइँकुण्डको यात्रा गरेका थिए र त्यस क्रममा हेलम्बू प्रदेशका प्राकृतिक सौन्दर्य र त्यहाँ बसोबास गर्ने सेर्पा एवम् भोटे जातिका सामाजिक जीवनशैली, चालचलन, बोलीचाली, लवाइखवाई, धर्म, सस्कृति, चाडपर्व, जात्रा, मेला आदिबारे अवलोकन गर्ने मौका पाए। यसरी हिमाली सेर्पा समाजको जनजीवन, रीतिरिवाज र सस्कृतिबाट प्रभावित भई वि.स. २००१ तिर यसको रचना गरेका हुन् । वि.स.२००१ मा लेखिएको लूनी खण्डकाव्यको प्रकाशन भने (रचनाकालको बाईस वर्षपछि) वि.स.२०२३ मा मात्र हुन्छ । यसो हुनमा कतिपय कारणहरू हुन सक्दछन् तापनि लेखनावस्थादेखि नै यसले लोककप्रियता प्राप्त गरेको देखिन्छ। प्रस्तुत खण्डकाव्यमा देवकोटाले विपन्न परिवारको चाङ्ना र सम्पन्न परिवारकी लूनीका बिचको प्रेममूलक कल्पनामिश्रित लोकप्रसिद्ध कथालाई विषयवस्तु बनाएका छन्। हिमाली प्रकृतिका साथै हिमालवारी हेलम्बू र हिमालवारी ल्हासामा बसोबास गर्ने सेर्पा जातिको जीवनशैली लोकलयको प्रयोग मार्फत यहाँ अभिव्यञ्जित भएको छ। मझौला आकारमा रहेको यो खण्डकाव्य लूनी र चाङ्नाको प्रेमप्रणयका आरोहअवरोह घटनाक्रमसँगै पुन आरोह (सुखान्त) मा टुङ्गिएको छ। जम्मा ७५ पृष्ठमा समेटिएको 'लूनी'भित्र पद्य भाषामा (क) देखि (द) सम्मका जम्मा अठार खण्ड रहेका छन्। यसैमा यो पूर्ण भएको देखिन्छ। यस खण्डकाव्यमा आत्मिक प्रेम नै सच्चा प्रेम हो र सच्चा प्रेम गर्नेलाई ईश्वरले पनि साथ दिन्छन् भन्ने कुरालाई प्रेम कथाको मूल प्रवाहमा हिमाली प्रकृति र सेर्पा समाजको सांस्कृतिक र धार्मिक प्रस¨ समेत जोडिनाले कथावस्तु केही जटिल बन्न गएको छ। यति हु'दाहु'दै पनि प्रस्तुत खण्डकाव्यमा नायक नायिकाको अमर प्रेमको प्रसङ्ग नै महत्त्वपूर्ण रहेको छ। सच्चा हृदयले गरिने पवित्र प्रेमको यात्रामा जस्तोसुकै वाधाव्यवधानहरू आइपरे पनि ती परास्त भएर जान्छन् भन्ने आदर्शलाई यस खण्डकाव्यले प्रमाणित गरेको छ। सम्पन्नताको घमण्डले ओतप्रोत साम्वा सोङ्गोलाई पश्चात्तापमा पुगेको देखाई बाहिरी धनमा सुख देख्नु मूर्खता हो र आत्मिक सुख नै सच्चा सुख हो अनि स्वच्छ आत्मिक प्रेम सर्वत्र स्मरणीय रहन्छ भन्ने स्वच्छदावादी आत्मवादी चेत प्रस्तुत गर्नु लूनी खण्डकाव्यको एक महत्त्वपूर्ण उपलब्धि हो। यसको विषय यही प्रेमकथामा आधारित लूनी खण्डकाव्यमा पात्रको खोजी गरिएको छ। यस खण्डकाव्यकी प्रमुख पात्र लूनी हो। उ समाजको वर्ग विभेदको मारमा परेकी छ। जीवनभर सङ्घर्ष र पीडा सहदै मानवीय संवेदना, सहनशीलता र धैर्य गुमाएकी छ। उनको जीवनकथा समाजको निर्दय यथार्थको प्रतिनिधित्व बनेको छ। कुनै विधाको कथावस्तु, विचार, भावना र सन्देश पात्रका माध्यमबाट प्रकट हुन्छ। साहित्य कृतिलाई जीवित, विश्वसनीय र प्रभावकारी बनाइराख्ने काम पात्रको हो। कृतिमा पात्रको बाह्य र आन्तरिक मनोविज्ञान, सामाजिक पृष्ठभूमि, व्यवहार, संवाद र विकासक्रम समेटिएको हुन्छ। कुनै पनि विधामा पात्रहरूलाई भूमिका, स्वभाव र नैतिकताका आधारमा वर्गीकरण गरिन्छ। पात्रविधानविना साहित्य कृति अधूरो र अपूरो हुने गर्छ। कृतिको सफलता पात्रले कृतिलाई उठाएर जीवन्त मानव जस्तै बनाउँछ। साहित्यको सौन्दर्य, प्रभाव र दीर्घायु बनाउँनमा पात्रविधानको भूमिका महत्त्वपूर्ण हुने गर्छ।

## अध्ययनको विधि

प्रस्तुत अध्ययन गुणात्मक अनुसन्धानमा आधारित रहेको छ। यस अध्ययनमा पुस्तकालयीय कार्य र स्थलगतका आधारमा आवश्यक पर्ने सामग्रीहरू सङ्कलन गरिएको छ। यसमा 'लूनी' खण्डकाव्यलाई प्राथमिक सामग्री स्रोतका रूपमा चयन गरिएको छ । प्रस्तुत खण्डकाव्यलाई अध्ययनलाई गुणात्मक विधि अवलम्बन गरिएको छ। यस अध्ययनमा पात्र विधानका बारेमा चर्चा गरिएको छ। सैद्धान्तिक पुस्तकहरूलाई मुख्य सामग्रीका रूपमा र यससँग

सम्बद्ध सन्दर्भ पुस्तक, पुस्तक, लेखरचना तथा नेपाली आख्यानात्मक कृतिहरूलाई सहायक सामग्रीका रूपमा लिइएको छ । प्रस्तुत अध्ययनमा देवकोटाको 'लूनी' खण्डकाव्यमा पात्र विधानको अध्ययन गरिएको छ । यसरी सङ्कलन गरिएको तथ्यलाई सैद्धान्तिक आधारमा व्याख्या र विश्लेषण गरी प्रस्तुत गरिएको छ । यस अध्ययनमा लूनी खण्डकाव्यको पात्र विधानको आधारलाई प्रयोग गरिएको छ। पात्रविधानमा आधारित रहेर विश्लेषण विधिको उपयोग गरी विषयवस्तुको यथार्थपन, सत्यपन गरी प्रस्तुत अनुसन्धानात्मक लेखको वस्तुपरक निष्कर्ष निकाएिको छ।

**पात्रविधानको सैद्धान्तिक आधार**

खण्डकाव्यलाई काव्यत्व प्रदान गर्ने महत्त्वपूर्ण तत्त्व पात्रविद्यान हो। एरिस्टोटलका बमोजिम चरित्रवर्णन घटनाभन्दा पछि सबैभन्दा मुख्य गुण हो (खनाल, २०६८, पृ. १०३) । खण्डकाव्यमा कथातत्त्वको सुत्रपात गर्ने आवश्यक भूमिका चरित्रको हुन्छ। पात्रले कथावस्तुलाई गति प्रदान गर्ने काम गर्दछ। कथावस्तुका महत्त्वपूर्ण घटनाहरू पात्रमा निर्भर हुन्छन् । पाश्चात्य विद्धान अरस्तुका अनुसार चरित्र त्यसलाई भनिन्छ जसले कुनै व्यक्तिका रुचि अरूबिचको प्रदर्शन गर्नुका साथै कुनै नैतिक प्रयोजनलाई व्यक्त गर्दछ (त्रिपाठी, २०४८, पृ.६८) । यस दृष्टिले काव्यको पात्र सशक्त, जीवन्त र संद्येय हुन आवश्यक छ । पूर्वीय खण्डकाव्य चिन्तनको मन्थन गर्दा फेला पर्न आउने खण्ड काव्यात्मक एक महत्त्वपूर्ण घटक तत्त्व पात्र हो (अवस्थी, २०६४, पृ.२३) । खण्डकाव्यमा पात्रविद्यान सशक्त किसिमको गर्नु पर्दछ । यसको नायक शुशील, संघर्षशील, धीरोदत्त आदिमध्ये कुनै पनि हुनसक्छ । तर धीरोदात्त गुणयुक्त नायक भएको खण्डकाव्य बढी प्रभावशाली हुन्छ । नायिका प्रधान खण्डकाव्यमा नारी जागृति सचेत भावनाको विकास भएको, कर्मथ, सङ्घर्षशील पतिपरायण, स्वकीया, परकीया आदिमध्ये कुनै एक हुन सक्छ । यसमा अन्य सहनायक—नायिका तथा प्रतिनायक नायिका र अरू पात्रहरूको पनि समावेश हुन सक्छ भन्ने मूल नायककै सेरोफेरोमा तिनको चरित्र घुम्ने किसिमले तिनका स्वभाव र क्रियाकलापको वर्णन गरिनु पर्दछ। पात्रहरूको क्रमबद्ध चरित्र निर्माण नै खण्डकाव्यको मूल समस्या हो (प्रधान, २०५२, पृ.८) । मूल चरित्रलाई स्थिर वा विकसित जुनसुकै अवस्थामा पनि उपस्थित गराउन सकिन्छ उसको चरित्रलाई गतिशील रूपमा प्रस्तुत गरिन्छ भने उसमा आरोप गरिएको गतिशीलता उभयमूखी तथा उर्ध्वमुखी हुनुपर्दछ । पात्रलाई अझ सूक्ष्म र कलात्मक ढ ँले प्रस्तुत गर्न सकिन्छ (शर्मा, २०४८, पृ. ७२) । उनका अनुसार चरित्रलाई लि ँका आधारमा पुरुष र स्त्री, कार्यका आधारमा प्रमुख, सहायक र गौण, प्रवृत्तिका आधारमा अनुकूल र प्रतिकूल, स्वभावका आधारमा गतिशील र गतिहीन, जीवनचेतनाका आधारमा—वर्गीय र व्यक्तिगत, आसन्नताका आधारमा मञ्चीय र नेपथ्य, आवद्धताका आधारमा बद्ध र मुक्त गरी विभिन्न किसिमले प्रस्ट्याइएको छ। पात्रविधानका आधारमा 'लूनी' खण्डकाव्यका प्रमुख, सहायक, गौण र अन्य पात्रहरूको विवेचना गरिएको छ। यस खण्डकाव्यले प्रमुख नारी पात्रको नामलाई बुझाएको छ। यस खण्डकाव्यका मर्मलाई आनन्दतिर अवस्थामा पुऱ्याउने मुख्य काम पात्रहरूको रहेको पाइन्छ। यस खण्डकाव्यको आख्यान विधि पात्रद्धारा ओतप्रोत भई कवितात्मक रूपबाट प्रकट भएको छ। सुरुमा यस खण्डकाव्यकी नायिका लूनी र चाङ्नाको मिलनबाट सुरु भएको खण्डकाव्य विकास भाग, चरमोत्कर्ष भाग, प्रतिचरमोत्कर्ष भाग र उपसंहार भागसम्म आइपुग्दा विभिन्न पात्रहरूले आआफ्नो तर्फबाट गहन तरिकाले भूमिका निर्वाह गरेका छन् ।

## नतिजा र विमर्श

पात्रविधानका आधारमा 'लूनी' खण्डकाव्यको विश्लेषणमा आधारित भई तयार पारिएको यस अनुसन्धानात्मक लेखमा सैद्धान्तिक सामग्रीहरूको सूक्ष्म अन्वेषणबाट प्राप्त तथ्यको व्याख्या विश्लेषण गरिएको छ।

### पात्रविधानका आधारमा 'लूनी' खण्डकाव्यको अध्ययन

काव्यलाई प्रभावकारी बनाउने महत्त्वपूर्ण तत्त्व पात्रविधान हो। पात्रले गर्दा काव्यलाई गतिशील बनाई विशिष्टतातिर लिने गर्छ। पात्रविनाको कुनै पनि काव्यको परिकल्पना गर्न सकिदैन। पात्रलाई मुख्य, सहायक, गौण गरी विभिन्न भागमा वर्गीकरण गरिन्छ। पात्रविधानका आधारमा खण्डकाव्यको विश्लेषण गरिने भएकोले यहाँ 'लूनी' खण्डकाव्यमा प्रयोग भएका पात्रहरूको अध्ययन गरिएको छ।

### लूनी

प्रस्तुत खण्डकाव्यमा लूनी सरल, सोझी र निर्दोष युवती हुन्। उनी अरूप्रति विश्वास राख्दछिन्। 'लूनी' खण्डकाव्यको शीर्षक नै काव्यकी नायिकाको नाम हो। नायिकको नामबाटै प्रस्तुत खण्डकाव्यको शीर्षक राखिएको छ। यस कारण प्रस्तुत खण्डकाव्य नायिका प्रधान खण्डकाव्य हो। लूनीको समस्याम समस्त नेपाली नारी वर्गको समस्या हो,जुन समस्याम देवकोटा करुणाले पग्लेका छन्। नायिकाकै नाममा खण्डकाव्यको शीर्षक पनि रहन गएकाले यसको पुष्टि हुन्छ। नायिका 'लूनी' हेलम्बुका सामन्ती राजा सेर्पा साम्बा सोङ्गो र हेलम्बुकी एकमात्र परम सुन्दरी छोरी हो। ऊ नेपाली समाजको सुन्दरताकी प्रतीक हो। उनको हृदय प्रेम र करुणले भरिएको छ। उनी मानवतालाई बल दिदै परिवार र प्रियजनप्रति गहिरो भाव प्रकट गर्छिन। उनको जीवन दुःख र कष्टकर, धर्यपूर्वक सहन सक्ने क्षमता लुकेको छ। आ^नो चाहानाभन्दा अरूको सुख र शान्तिलाई प्राथमिकता दिने स्वभाव छ। समाजमा नारीले भोक्ने गरेका असमान पीडाको प्रतीक पात्र बनेकी छन्। उनको व्यवहार र निर्णयमा नैतिक, सदाचार र मानवीय मूल्यप्रतिको दृढ विश्वास देखिन्छ। लूनीले हिमाली प्राकृतिक सौन्दर्यको प्रतिनिधित्व गरेकी हु“दा उसलाई हिमाली प्रकृतिका विभिन्न विम्ब दिई उसको सौन्दर्यको वर्णन प्रस्तुत खण्डकाव्यको खण्ड 'क' मा गरिएको छ। उपमेय 'लूनीÚ र उपमान प्रकृतिका सामग्रीका बिचमा देवकोटाले यसरी तुल्यता प्रस्तुत गरेका छन् :

हेलम्बूका जून झैं
हिमाली हिउ“मनि
झ्यामल ो सुन झै
फागुन दिनमनि। (देवकोटा, पृ. ९)

लूनी हेलम्बूमा पहाडजस्तै उठीरहेकी, बादलसँग उठीरहेकी, साँझ बिहान झैं प्रकृतिमा छाइरहेकी र आफ्नो सौन्दर्य साँझको एक झुल्को घामा छरिरहेकी कुराको बयान कविले यसरी प्रस्तुत गरेका छन् :

कलकलाउँदो सलमल
रेशम मुना झैं
बास आउने फूलकी
बैंसे टुना झैं
द्यौलागिरि छोप्ने
बादल बुना झैं

अप्सराकी मुर्ति
नन्दन कुना झैं। (देवकोटा, पृ. ९)
साँझकी बहिनी जस्ती
हिमाली दरबारमा।
फूल फूलेकी जस्ती
मानिस घरवारमा ॥ (देवकोटा, पृ. १०)

त्यसैले लूनी सोङ्गो हेलम्बाकी एक मात्र छोरी नभएर प्रकृतिको छोरी भएको कुरा यसरी उल्लेख गरिएको छ :

दन्त लहर उनका
मोती झल्कन्छन्।
पालुवा रङका
ओठ टल्कन्छन्। (देवकोटा, पृ. ११)
सुन पिटेको शरीर
फूल खँदिलो
छुँदा पाप लाग्ने
साह्रै कलिलो। (देवकोटा, पृ.१३)

लूनीलाई कविले हिमाली प्राकृतिक वातावरणका बिचमा तादात्म्य स्थापित गरी प्रकृतिकी छोरीका रूपमा खडा गरे तापनि ऊ वास्तमा राजा साम्बा सोङ्गो र हेलम्बाकी छोरी हो। लूनी परमसुन्दरी र राजाकी छोरी हो तापनि विपन्न वर्गको भोटे केटाको पुरुषार्थ देखेर चाङ्नालाई प्रेमदेवताका रूपमा अँगाल्न पुग्छे। तर चाङ्ना गरिब वर्गको हुनाले लूनीको बाबु त्यसलाई छोरी नदिएर सम्पन्न वर्गको ल्हानोसँग विवाह गरिदिने निर्णयमा पुगेपछि लूनीको हालत यस्तो हुन्छ :

कस्तुरीको रोग लागे
जस्ती रानी लूनी।
पालुवाको पैलो मुगा
रङको वनमुनी। (देवकोटा, पृ.१९)

त्यसैगरी लूनीको जीवन पिँजरामा परेको चराको जस्तो हुन्छ। मुख भएर पनि बोल्न नसक्ने, केवल अरूको कुरा मात्र सुन्ने। मक्त भएर चरो झैं उड्न र गन्तव्य स्थलमा पुग्न चाहे पनि उड्नलाई पखेँटा छैन, पखेँटा भए पनि कुँजिएको छ, नकुँजिए पनि चारैतिर पिंजरा छ।

आज क्यान लूनी रानी,
पिंजराको चरा
नबोलेर खाली सुन्छयौं
संसारको कुरा ? (देवकोटा, पृ.१९)

ल्होनोसँग लूनीको बिहे छिनेपछि उसको विचित्र अवस्था हुन्छ। एकदिन लूनी आँखाभरि आँसु गरी रोइरहेको देखेर उसकी सहेली जिन्जीका प्रश्नमा लूनीको उत्तर :

रानी लूनी भन्छिन्
ढुक्कुर एक जोडी

म्हेन्दु वनमा बस्न
खोज्थ्यो नछोडी
एउटा शिकार खेल्ने
टाढा डाँडाको ।
आई हान्छु भन्छ
शरले काँढाको । (देवकोटा, पृ. ४४)

उपर्युक्त पङ्क्तिमा मार्मिक चित्र र लूनीको कारुणिक मनस्थिति पाइन्छ । लूनीले आफूलाई र चाङ्नालाई ढुकुरको एक जोडीसँग र ल्हानोलाई व्याधाको रूपमा लिएको चित्र हृदयस्पर्शी छ ।

लूनीको बिहे ल्हानोसँग हुनु अधि लूनीलाई ल्हासाको दरबारमा पुऱ्याइनु, ल्हासा ऐश्वर्यपूर्ण र वैभवपूर्ण घरमा पनि लूनीलाई सुखको अनुभव नभएको र चाङ्नाको सम्झनामा वियोग र विरहमा छटपटी भएको चित्र ज्यादै मार्मिक छ ।

तर होस ल्हासा सुनसुनको
सुनको भेडा सुन उनको ।
लूनीलाई कठै ! आँसु छ ।
विषको वनमा गए झैं
सिक्सिक् लाग्दो मासु छ ॥ (देवकाटा, पृ. १९)

यसरी लूनीको बाबुले उसको विवाह सम्पन्न केटासँग गराएको प्रसङ्ग छ जसले गर्दा लूनीमा सामाजिक व्यवस्थालाई चुनौति दिएर मनोवाञ्छित प्रेमीलाई प्राप्त गर्न आँट हुर्कन सकेको थिएन, वास्तमा तत्कालीन (वि.स.२००१ तिर) समयको यथार्थता नै हो । त्यसैले लूनी त्यस्ता अपठित ग्रामीण तर सरल र स्वच्छ युवतीहरूको प्रतिनिधि हो, जसले नचाही नचाहीकनै बाबु आमाले इच्छाएका वरलाई वरण गर्न बाध्य हुनु पर्दछ (अवस्थी, २०७०, पृ. ५१) । यसरी बाबु आमाको बाध्यताले विवाह बन्धनमा बाँधिएकी लूनीले आफ्ना सहली जिन्जीसँग दुःख पोखेपछि ती दुई सँगीले ल्हासाका ल्हासुङ्गो र हेलम्बूका म्हे म्हे लामाहरूको सहायताले लूनी चाङ्नाको मिलनको निम्ति कोसिस गर्छन् र त्यो कोसिस त्यस समाजको धार्मिक विश्वसले गर्दा सार्थक हुन्छ र एक पटक टाढा टाढा भइसकेका प्रेमीहरूको पुनः भेट हुन्छ । यसैले खण्डकाव्यकी नायिकाको प्रेमसिद्धि उसकै प्रयासले नभई सामाजिक, धार्मिक विश्वासका कारणले भएको देखिन्छ । यसर्थ यो लूनी आफ्नै साहस र शक्ति भएकी पात्र नभई कुनै अदृश्य शक्तिमा निर्भर पात्रका रूपमा देखिन्छे । ऊ यस खण्डकाव्यकी सत्पात्र हो । उसका चरित्रमा कुनै गतिशीलता भेटिन्न । नायिकाका रूपमा यस खण्डकाव्यकी बद्ध पात्र नै हो । मनोवैज्ञानिक दृष्टिले हेर्दा उसमा गोलाई, कामवृति, आत्मपीडन, स्वप्नशीलता र अन्तर्मुखिता बहिर्मुखिताको दोहोरैपन जस्ता विशेषता भेटिन्छन् । वस्तुतः प्रस्तुत खण्डकाव्य नायिका प्रधान खण्डकाव्य हो र नायिका लूनीकै प्रेमभूमिमा अडेको छ ।

**सेर्पा साम्बा सोङ्गो**

प्रस्तुत खण्डकाव्यको सेर्पा साम्बा सोङ्गो खलनायक सहायक पात्र हो । उसले तत्कालीन समाजको अमानवीय क्रूर र शक्तिलोलुप प्रवृत्तिको प्रतिनिधित्व गरेको छ । उसको चरित्र शासक वर्गको दमनकारी मानसिकता र अमानवीय व्यवहार लुकेको छ । उ कुनै पनि दुःख र पीडाप्रति कुनै पनि प्रकारको सहानुभूति नराख्ने पात्र हो । लूनीजस्ती निर्दोष नारीमाथि गरिएको अमानवीय व्यवहारले उसमा कुनै प्रकारको नैतिकता देखिँदैन । ऊ मानवीय, मूल्य र करुणाबाट

टाढा रहेको छ। समाजको विकृति र शोसक वर्गको प्रतिनिधि पात्र हो । उसले गरिब र निमुखा जनतालाई अन्याय गरेको छ। ऊ हेलम्बूको राजा हो र नायिका लूनीको बाबु हो । उसले हिमाली जनजीवनको सामन्ती समाजको प्रतिनिधित्व गरेको छ। उसले निर्धनहरूलाई मान्छेका रूपमा देख्न सक्दैन। ऊ सम्पन्नतामा प्रतिष्ठा देख्दछ र आफ्नी छोरीले गरिब केटासँग प्रेम गरेको देख्दा मुमुर्रिन्छ र छोरीको इच्छा विरुद्ध अर्कै केटासँग विवाह गरिदिन्छ। त्यसैले यस खण्डकाव्यको प्रमुख खलनायक सेर्पा साम्बा सोङ्गो सामन्ती समाजको प्रतिनिधि पात्र हो । कविले उसका राजकीय शोभा र शानको जुन वर्णन गरेका छन् । त्यसमा प्रकाशनका हिसावले भने त्यस बेलाका श्री ३ को चित्रण यस पात्रमा छ । (दीक्षत, पृ.७१) यसबाट के पुष्टि हुन्छ भने यो राणाजस्तै निरङ्कुश र निष्ठुर पात्र हो । ऊ यस खण्डकाव्यका सुरुमा र बिचमा खल बाबुका रूपमा देखिएबाट गतिशील चरित्रको ठहरिन्छ। ऊ यस खण्डकाव्यको पितृसत्ताको पक्षधर पात्र हुनुका साथै विकृति मानसिक भएको बहिर्मुखी एवम् बद्ध पात्रसमेत समेत हो।

**तासी लामा**

तासी लामा प्रस्तुत खण्डकाव्यको सह खलनायक पात्र हो । उ ल्हासाको सामन्ती राजाका रूपमा चित्रित छ ऊ ल्हासा समाजको उच्च वर्गको सामन्त युगीन सेर्पा समाजका धनीमानी वर्गको प्रतिनिधि पात्र हो। उ दयालु, शान्त र करुणामय भावना बोकेको सकारात्मक पात्र हो । उसको चिन्तन र व्यवहारमा मानवतावाद छ। उसले अन्याय र अत्यचारको विरोध गरेको छ । सामाजिक चेतनाको प्रतीकका रूपमा उपस्थित भएको छ । मानव, करुणा र नैतिकताको उज्ज्वल भावना बोकेको पात्र हो । प्रस्तुत खण्डकाव्यमा नायक नायिकाका बिचको प्रेममा बाधा पुऱ्याउने खलनायक हो । ऊ साम्वा सोङ्गोको सम्धी र लूनीको ससुरो हो । गतिशील स्वभाव भएको, विकृत मानसिक अहमयुक्त बहिर्मुखी र बद्ध पात्रसमेत हो।

**ल्हानो**

प्रस्तुत खण्डकाव्यको सहानुभूति प्रकट गर्ने सहायक पात्र हो। ऊ ल्हासाको तासी राजाको छोरा र लूनीको विवाहित लोग्ने हो। ऊ सरल, संवेदनशील र मानवीय भावना बोकेको पात्र हो। ऊ सोझो, निष्कपट स्वभाव र स्वार्थभन्दा टाढा रहेको पात्र हो। अन्याय देख्दा दुःखी हुन्छ र पीडितप्रति सहानुभूति प्रकट गर्दछ। उसले समाजिक संरचनामा शक्तिहीन र निरीह वर्गको प्रतिनिधित्व गरेको छ । उसले मानवभित्र रहेको मानवीय चेतना र नैतिक भावनाको उजागर गरेको छ। उसले पीडित वर्गको आवाजलाई बोकेको छ। ऊ समाजको उच्च वर्गको प्रतिनिधि पात्र हो र प्रस्तुत खण्डकाव्यमा नायक नायिकाका बिचमा विछोड ल्याउने कारक पात्रका रूपमा चित्रित छ। उसले लूनीको व्यथा नबुझी विहे गर्छ र लूनीले नचाहिकनै लोग्नेका रूपमा स्वीकार्नु पर्छ। पछि म्हे म्हे लामाले लूनी चाङ्नाकी हो भनेपछि ल्हानो गुम्बा पस्छ। आफूले पहिले गरेका काममा भूल भएको स्वीकारोक्तिबाट उसको चरित्रमा गतिशीलता देखिन्छ। ल्हानोको चरित्रमा कैयौका प्रेमीलाई धपाएर तिनका प्रेमीकाहरूलाई आफ्ना दरबारमा पुऱ्याउने र पछि सबै थोक छोडेर राजर्षि बनी रिडी जाने तत्कालीन श्र ३ महाराजा जुद्धशमशेरको चरित्रको छाप स्पष्ट रूपमा देखिन आउँछ (बन्धु, देवकोटा, २०५८, पृ.१३६) यो पनि सहायक खलपात्रका रूपमा यस खण्डकाव्यको बद्ध पात्र नै हो।

## सहायक सत्पात्रहरू

**जिन्जी र आन्जा**

प्रस्तुत खण्डकाव्यकी नायिका लूनीका सहयोगी पात्रका रूपमा जिन्जी र आन्जा आएकी छन् उनी सहयोगी भावना

बोकेकी सहयोगी पात्र हुन् । उनी मानवीय संवेदना, माया र सहयोगी प्रतीकका रूपमा आएकी छन् । उनीहरूले लूनीप्रति सहानुभूति भाव प्रकट गरेकी छन् । अन्याय र अत्याचारको विरोध गर्ने चेतनशी नारी पात्र हुन् दबिएको आवाज र पीडित वर्गको प्रतिनिधित्व गरेकी छन् । तत्कालीन समाजले महिलामाथि कस्तो प्रवृत्ति जमाएर बसेका थिए भन्ने कुराको उजागर गरेकी छन् । जिन्जी लूनीको माइतीघर हेलम्बूकी सुसारे हो भने आन्जा पतिघर ल्हासाकी सुसारे हो । जिन्जीकै सहायताले नायिका लूनीले नायक चाङ्नाप्रति प्रेम प्रकट गर्ने मौका पाउँछे । ल्हासाको राजा तासी लामाको छोरा ल्हानोसँग उसको बाबु साम्बा सोङ्गोले धम्की र करकापमा पारेर विवाह गरिदिएपछि लूनी शिशिर ऋतुको खोलाजस्तै सुक्दै जान्छे । पछि यो कुरा पतिघरकी सुसारे आन्जालाई पनि थाहा हुन्छ । हराउँदै गएको लूनीको सौन्दर्य र माधुर्य देखेर उसको पति ल्हानो पनि दुःखी हुन्छ । आन्जा र जिन्जीका सरसल्लाहबाट ल्हासाका ल्होसिङ्गो लामाकहाँ गई आन्जाले ल्होसिङ्गोसँग लूनीलाई माइतिघर हेलम्बू फर्काउने निर्देशन दिन अनुरोध गरेपछि ल्होसिङ्गो लामाले आन्जाको अनुरोधलाई स्वीकार गरी लूनीलाई हेलम्बू फर्काई दिइएपछि लूनीलाई हेलम्बूको पूर्व कुना केलिन्दि तीरको कहालिनको भीरमा रहेको म्हे म्हे लामाको गुम्बामा लगिन्छ, त्यहाँको म्हे म्हे लामाले लूनी चाङ्नाकी हो नायकनायिकको मिलन गराइदिन्छ । यसरी यी दुबै सँगिनीले भोटको नामी लामालाई हात लिइएर लूनी र चाङ्ना दुई बिछोडिएका प्रेमीप्रेमिकाको पुनर्मिलन गराउँछन् । अतः यी दुई पात्रले खलेको सहायक सत्पक्षी भूमिकाका आधारमा यिनलाई यस खण्डकाव्यका क्रियाशील, सत् र बद्ध पात्र मान्नुपर्दछ ।

**म्हे म्हे लामा र लोसि लामा**

प्रस्तुत खण्डकाव्यका सहायक सत् पात्र हुन् । म्हे म्हे लामा धार्मिक पद र प्रतिष्ठा बोकेको पात्र हो । उसले धर्म र परम्पराको नाममा स्थापित व्यवस्थालाई जोगाउने काम गरेको छ । उसले मानवीय पीडाभन्दा नियम, रीति र पदको मर्यादालाई बढी महत्त्व दिइएको छ । उसले तत्कालीन समाजको धार्मिक अगुवाको प्रतिनिधित्व गरेको छ । यी दुबैको चरित्रचित्रण गर्दा यिनका तन्त्रमन्त्र शक्ति, आध्यात्मिक सिद्धि र सामाजिक आस्था एवम् विश्वासको वर्णन गरिएबाट र यी दुबै लामाका आदेश निर्देशनबमोजिम नै नायक नायिकाको पुनर्मिलन भएबाट यी लामाहरू नायक नायिकका अनकूल सत्पात्रका रूपमा यस खण्डकाव्यमा देखा पर्दछन् । यी दुबै लामा सामाजिक विश्वास प्राप्त बौद्ध धर्मका आचार्य हुनुका साथै सामाजिक न्याय कर्ताका रूपमा पनि देखा परेका छन् । ल्होसिङ्गो लामाको नाम झाक्री हो । यहाँ ऊ वनझाँक्रीको चेलाको रूपमा आएको छ र म्हे म्हे स्वर झिकेर उसले लूनीलाई हेलम्बू फर्काउन सल्लाह दिन्छ भने हेलम्बूको म्हे म्हे लामाले लूनी र चाङ्नाको आत्मीय प्रेम बुझेर यी दुबैलाई मिलन गराउँछ । भगवान बुद्धको अन्तर्निर्देशन स्फुटित भए अनुसार म्हे म्हे लामाले ल्हानोलाई गुम्बा पस्न लगाएर लूनी चाङ्नाको हो भनी यिनीहरूको मिलन गराएर साम्बा सोङ्गोलाई मानसिक सजाय दिएको घटनाबाट सत् प्रेमको समर्थन गरेको पुष्टि हुन्छ । यी दुबै पात्रले खेलेको सहायक सत्पक्षी भूमिकका आधारमा यिनलाई पनि यस खण्डकाव्यका स्थिर र बद्ध पात्र मान्नु पर्दछ ।

**गौणपात्रहरू**

**राङ्जा**

प्रस्तुत खण्डकाव्यमा राङ्जा दुःखी, पीडित र कमजोर वर्गको प्रतिको सहानुभूति राख्ने मानवीय पात्र हो । ऊ जात वर्गभन्दा माथि उठेर मानिस भएर मानिस कै रूपमा रहेको छ । ऊ लूनीप्रतिको प्रेम स्वार्थरहित, पवित्र र समर्पित छ । ऊ प्रेममा निष्ठावान र त्यागी पात्रकै हैसियतमा आएको छ । उसले कुनै पनि कार्य हिंस्रक नभएर नैतिक र मानवीय

व्यवहार देखाएको छ। आफूमाथि आएको कठिन परिस्थितिमा पनि विचलित भएको छैन। प्रेम र सत्यका लागि जोखिम लिन तयार भएको छ। उसको ह्दय कोमल छ। प्रेम, पीडा र अन्यायका रूपले उसलाई गहिरो तरिकाले हेरिएको छ। प्रस्तुत खण्डकाव्यमा आदर्श मानवतावादी भएर आएको छ। चेतनाको समन्वयबाट उसको चरित्र भावनात्मक मेरुदण्डका रूपमा आएको छ। यस खण्डकाव्यमा नायक चाङनाको बलिष्ठ व्यक्तित्वलाई खडा गर्न हेलम्बूकै अर्को सेर्पा युवक राङ्जालाई पनि प्रस्तुत गरिएको छ। उसलाई यस खण्डकाव्यका खण्ड 'ग' मा नायक चाङ्नाद्धारा पराजित युवकका रूपमा मात्र देखापरेको छ र त्यसभन्दा बढी उसको चरित्रलाई यहाँ प्रकाशमा ल्याएको छैन। त्यसैले ऊ यस खण्डकाव्यको गौण पात्र हो। ऊ प्रकृतिको काखमा हुर्किएको पात्र हो।

**चाङ्ना**

प्रस्तुत खण्डकाव्यको सहायक प्रभावशाली पात्र चाङ्ना हो। उसको चरित्रले तत्कालीन समाजको चित्रण गरेको छ। ऊ बीस वर्षे सुगठित अवयव भएको असाध्यै जोसिलो, फूर्तिलो र बलियो देखिन्छ। एकदिन 'मारदौन' भन्ने उत्सवमा आयोजित विभिन्न प्रतियोगितात्मक प्रतिस्पर्धामा राङ्जालाई धोबीपाटले पछारेको, बुद्धको रथ एक्लै तानेको, काँधमा बैंसको हँगो एकैचोटि चिरेको जस्ता बहादुरी कार्य एवम् शारीरिक सुगठनदेखी सुन्दरी लूनी उसप्रति आकर्षित हुन्छे र उसलाई पाउन कोसिस गर्छे अनि अन्त्यमा पाउँछे पनि। तर चाङ्ना ज्यादै सरल स्वभावको छ। लूनीले उसप्रति प्रेम प्रकट गर्दा गर्दै पनि लूनीलाई आफ्नो बनाउन कुनै कदम चाल्न सक्दैन। वास्तमा चाङ्ना समाजमा गरिब वर्गको व्यक्ति थियो र सामन्तप्रधान समाजमा उसले सामन्ती छोरीलाई ताक्नु अनर्थ हुन्थ्यो। त्यसैले लूनी प्राप्तिका निम्ति उसले कुनै सुदृढ कदम चाल्न नसक्नु तत्कालीन समाजको यथार्थता र स्वाभाविकता हो। निम्न वर्गीय समाजमा जन्मेको चाङ्ना सरल स्वभाव भएको पात्र हो। यही सरल स्वभाव भएको कारणले गर्दा आफूले गरेको स्वच्छ प्रेमबापत दिइएको घर परिवार छाडी गुम्बा पस्नुपर्ने सजायलाई पनि स्वीकार गर्न पुग्दछ। जसले गर्दा ऊ त्यागी पात्रका रूपमा पनि देखिन्छ। समाजका उच्चवर्गीय सामन्तहरूलाई हाँक दिने आँट तत्कालीन निम्नवर्गीय समाजका व्यक्तिहरूमा नआइसके भैं उसमा पनि आउन सकेको छैन, यही नै उसको चारित्रिक स्वभाविकता हो।

वस्तुतः यस खण्डकाव्यकी नायिका 'लूनी' भैं चाङ्ना पनि अदृश्य शक्तिमै निर्भर पात्रका स्वरूपमा देखिन्छ। तन्त्रमन्त्र तथा धार्मिक विश्वसका अदृश्य शक्तिकैं भरमा नायिका लूनीसँग उसको पुनर्मिलन हुन्छ। तसर्थ चाङ्ना यस खण्डकाव्यको स्थिर, बद्ध एवम् सत पात्र हो। मनोविज्ञानका दृष्टिले ऊ केही च्याप्टो, हीनताग्रन्थिले युक्त अनि अन्तर्मुखी पात्र हो र उसमा प्रणयचेत सहितको कामवृत्ति पनि छ।

**खलपात्रहरू**

**सेर्पा साम्बा सोङ्गो**

सेर्पा साम्बा सोङ्गो यस खण्डकाव्यको प्रमुख खलनायक एवम् छलकपट नजान्ने सोझो भोटेको प्रतिनिधित्व गर्ने पात्रका रूपमा देखिएको कुरा ऊ चाङ्नाद्धारा कुश्तीमा पराजित भएर पनि चाङ्नाप्रति कुनै ईर्ष्या कुदृष्टि नराखेबाट स्पष्टिन्छ। ऊ यस खण्डकाव्यको स्थिर, गौण र मुक्त पात्रको रूपमा देखिन्छ। हेलम्बा पनि यस खण्डकाव्यकी गौण नारी पात्र हो हेलम्बूका राजा साम्बा सोङ्गोकी पत्नी र नायिका लूनीकी आमा हो। ऊ यस खण्डकाव्यको खण्ड 'ग' मा माला गुथ्न लागेका रूपमा उपस्थित भएकी र त्यसपछि खण्ड 'त' मा मात्र गलित छोरीप्रतिमातृ स्नेह व्यक्त गर्ने आमाका रूपमा प्रस्तुत गरिएको छ। यस खण्डकाव्यमा हेलम्बाको चरित्रलाई उति व्यापक रूपमा प्रस्तुत गरिएको

छैन तापनि वात्सल्यमयी माताका रूपमा उसको उपस्थिति प्रभावकारी नै रहेको छ। ऊ यस खण्डकाव्यकी सत्, स्थिरका साथै मुक्त पात्र ठहरिन्छे।

**अन्य पात्रहरू**

प्रस्तुत खण्डकाव्यमा प्रमुख, सहायक र गौण गरी तिनथरी पात्रका साथै अन्य कैयौं सूच्यपात्रहरू पनि देखिन्छन्, तापनि तिनीहरूको स्थान त्यति देखिँदैन। त्यस्ता पात्रहरूमा हेलम्बूका सेर्पा, साम्बा सोङ्गोका सुसारे, लूनीको सुसार गर्ने केटीका बथान, ल्हासाका केटी, तासी लामाका नोकर, ल्हानोका डोले र जन्ती आदि रहेका छन्। यी सबै पात्रहरूमा लामा संस्कृति र बुद्ध धर्मप्रति अटल आस्था छ। त्यसैले नै यहाँ सामाजिक रूपमा टाढिएका नायक नायिकाको पुनर्मिलन सम्भव भएको छ।

प्रस्तुत खण्डकाव्यमा हेलम्बू, ल्हासा र केलिन्दी गरी तीन ठाउ'को चित्रणका साथै ती ठाउ'को सेर्पा/भोटे जातिका पात्रहरूलाई खडा गरिएको छ। ती पात्रहरूले कुनै न कुनै स्थानमा रहेर आफ्नो भूमिका निर्वाह गरेको देखिन्छ।

यसरी प्रस्तुत खण्डकाव्यमा निकै पात्रहरू छन् तापनि तीमध्ये धेरैको चरित्र साङ्केतिक मात्र छ। यस खण्डकाव्यमा उपस्थित रही स्पष्ट चरित्राङ्कन भएका पात्रहरूमा लूनी, चाङ्ना र साम्बा सोङ्गोकै चरित्र यहाँ ज्यादा प्रकाशमा ल्याइएको छ। यो पात्रविधान सामाजिक र धार्मिक प्रतिनिधिमूलक छ। चाङ्नाप्रेमी लूनीको चरित्र जटिलतातर्फ उन्मुख छ। लूनी स्थिर चरित्रकी छ। सामन्त साम्बा सोङ्गो अवसरवादी गतिशील चरित्रको छ। यसै त्रिकोणात्मक स्वरूप सक्रिय पात्रहरूको चरित्राङ्कनमा आधारित प्रस्तुत खण्डकाव्यको पात्रविधान खण्डकाव्यका स्वल्प सङ्ख्यात्मक पात्रविधानका सैद्धान्तिक अपेक्षानुसारकै छ।

## निष्कर्ष

प्रस्तुत खण्डकाव्यमा महाकवि लक्ष्मीप्रसाद देवकोटाले नेपालको एउटा उच्च पहाडी समाजको चित्रण गर्ने क्रममा त्यहाँको भेषभूषा, चालचलन, संस्कृति र रीतिरिवाजका साथै उच्च र निम्न वर्गका मानिसहरूको वास्तविकता झल्कने गरी लूनी खण्डकाव्यमा रहेका पात्रहरूको चित्रणबाट स्पष्ट पारेका छन्। प्रस्तुत खण्डकाव्यको शीर्षक यसरी मुख्य नायिका लूनीका नामबाट राखिएकाले काव्य चरित्र केन्द्रिन्त देखापर्दछ। मुख्य पात्रकै केन्द्रीयतामा यसका कथावस्तु आधारित भएकाले पात्रविधानका साथै विभिन्न दृष्टिले यो शीर्षक सार्थक रहेको छ। नेपालको उत्तरी भेगको समाज–संस्कृति र प्रकृति चित्रणका दृष्टिले यो खण्डकाव्य महत्त्वपूर्ण देखापर्दछ। अनि कविता र आख्यानको समीकरणका अभावमा उच्च कोटिको हुन नसकेको र कविताको प्रबल प्रवाहभित्र आख्यानको विकास भई खण्डकाव्यात्मक संरचना प्राप्त गरी उच्च मध्यम कोटिको खण्डकाव्यात्मक मूल्य 'लूनी' खण्डकाव्यले प्राप्त गरेको छ। यस कथावस्तुको प्रेरणास्रोत लोकप्रसिद्ध दन्त्य कथाका साथै स्वयम् कवि कल्पना पनि रहेको देखिन्छ। यसको कथावस्तुमा कतूहलता सम्भाव्यता का साथै गतिमयता पनि पाइन्छ भने यसमा अनावश्यक घटनाको गुम्फन छैन। प्रस्तुत खण्डकाव्य पात्रविधानको दृष्टिले सफल छ। यस खण्डकाव्यमा सामन्ती प्रवृत्तिको उजागर गरिएको छ। सामन्ती प्रवृत्तिकै कारणले चोखो प्रेमलाई अवरोध पुऱ्याएको छ। उच्च वर्गको घमण्डका कारणले गर्दा आˆना बाबालिकाको भावनाको कदर गर्न नसकेको देखिन्छ। यसका पात्रहरू तत्कालीन समयको यथार्थलाई देखाउन सफल भएका छन् र उक्त यथार्थ आज पनि टड्कारो रूपमा विद्यमान छ। यसका तत्कालीन सामन्ती परिवेशको अनि सत् असत् पात्रको द्धन्द्ध देखाउनका लागि विभिन्न थरी प्रवृत्ति भएका पात्रहरू चएन गरिएका

छन् । यसका साथै प्रस्तुत खण्डकाव्यका पात्रहरू व्यक्तिगत किसिमका नभई कुनै खास समाजका प्रतिनिधित्व गर्ने प्रतिनिधिमूलक/वर्गगत किसिमका छन् । यसमा कार्यका आधारमा प्रमुख, सहायक र गौण गरी तिन थरीका पात्रहरू रहेका छन् । यसै गरी कथानकीय ढाँचाले अपेक्षा गरेअनुसार नै पात्रहरूको चयन गरिएको छ । स्वल्प सङ्ख्यामा पात्रको प्रयोग गरी कथानक जीवन्त तुल्याइएको छ । प्रस्तुत लेखलाई गुणात्मक विधि अवलम्बन गर्दै पुस्तकालयीय विधिद्धारा सङ्कलन गरिएका प्रथम र द्बितीय सामग्रीको विश्लेषण गरेर निष्कर्षमा पुगिएको छ ।

## सन्दर्भ सामग्रीसूची

अवस्थी, महादेव (२०६१).*लक्ष्मीप्रसाद देवकोटाको खण्डकाव्यकारिता.* काठमाडौँ : एकता बुक्स डिष्ट्रिब्यटुर्स प्रा.लि.

अवस्थी, महादेव (२०६४). *आधुनिक नेपाली महाकाव्य र खण्डकाव्यको विमर्श.* कामाडौँ : इन्टेलेक्चयुअल्ज बुक प्यालेस ।

अवस्थी, महादेव (२०६५).*खण्डकाव्यकार लक्ष्मीप्रसाद देवकोटा र सृजामाता खण्डकाव्य.* कामाडौँ : एकता बुक्स डिष्ट्रिब्यटुर्स प्रा.लि. ।

खनाल, यदुनाथ (२०५२). *यदुनाथ खनालका समालोचना.* ललितपुर : साझा प्रकाशन ।

गैरे, ईश्वरीप्रसाद (२०६०). *आधुनिक नेपाली खण्डकाव्य र महाकाव्य.* काठमाडौँ : न्यू हीरा बुक्स इन्टरप्राइजेज ।

गौतम, कृष्ण (२०३८). *देवकोटाका प्रबन्धकाव्य,* ललितपुर : इन्दु प्रकाशन ।

जोशी, कुमारबहादुर (२०४८). *देवकोटाका प्रमुख कविता कृतिको बालक्रमिक विवेचना.* कामाडौँ : सिद्धार्थ वनस्थली प्राज्ञिक परिषद् ।

जोशी, कुमारबहादुर (२०५२).*महाकवि देवकोटा र उनका महाकाव्य.* ललितपुर : साझा प्रकाशन ।

जोशी, कुमारबहादुर (२०५७). *देवकोटाका कवितायात्रको विश्लेषण र मूल्याङ्कन.* ललितपुर : साझा प्रकाशन ।

देवकोटा, लक्ष्मीप्रसाद (२०२३). *लूनी खण्डकाव्य.* ललितपुर : साझा प्रकाशन ।

प्रधान, कृष्णचन्द्रसिंह, (२०५२). *नेपाली उपन्यास र उपन्यासकार.* काठमाडौँ : साझा प्रकाशन ।